# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## प्रतापपुर गाउँपालिका
## नवलपरासी ब.सु.प.

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## प्रतापपुर गाउँपालिका
## नवलपरासी ब.सु.प.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

प्रतापपुर गाउँपालिका

नवलपरासी ब.सु.प.

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

प्रतापपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बेलाटारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।

१. **कैफियत सहितको राय** — हामीले प्रतापपुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. ४ करोड १६ लाख १ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. १७ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड १० लाख ८१ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २९ लाख २२ हजार र पेश्की बाँकी रु. १ करोड ५७ लाख ९९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १८ करोड ४१ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २२ करोड ५७ लाख ४४ हजार रहेको छ । **पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

प्रतापपुर गाउँपालिका,

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम),

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५९ | ३५ | ४१६०१ | ० | ० | ० | ५९ | ३५ | ४१६०१ | १७९९ | १२९२२ | ११०८१ | ० | ० | २४००३ | १५७९९ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी | १८४१४३ | ० | ० | १८४१४३ | ० | ४१६०१ | २२५७४४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचयः** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडारहेको छ भने क्षेत्रफल ८७.५५ वर्ग किलोमिटर तथा जनसंख्या ५० हजार ३ सय २६ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१७ देखि २०८०।५।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको गत बर्गषको जिम्मेवारी रु.१५,८८,७१,०६९।३४ यस बर्षको प्राप्ती रु. ७८,३३,४३,९७७।२४, र यस बर्षको खर्च रु.८२,२०,०३,१०५।११ र मौज्दात बाँकि रु.१२,०२,११,९४१।४७ ; जम्मा रु. ९४,२२,१५,०४६।५८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,९९,९३,६०५, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ४,२९,७६,०८४, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम रु.५०,००,०००।- र गरी बसँग विश्वेश्वर कार्यक्रम रु.४,१७,००० समेत गरी रु. २१,८३,८६,६८९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२.३

**फरक हिसाब–** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३५,७५,९१७।८७ , यस वर्षको प्राप्ति रु.२५,७९,६४,४३७।८६ , र यस वर्षको भुक्तानी रु. २२,०३,१२,२१९।०० सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १५,५२,९५,१५१।४७ | ५२,५३,७०,२५५।७५ | ५५,९६,९४,३३५।७८ | १२०२०२६५०।१९ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५८८७१०६९।३४ | ७८,३३,३४,६९३।५८ | ७८,००,०६,५५४।७८ | १२०२०२६५०।१९ |
| फरक | ३५,७५,९१७।८७ | २५,७९,६४,४३७।८६ | २२,०३,१२,२१९।०० | ० |

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिममा मात्र एक पटक गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी आयोजना बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको, मर्मत गर्नु पर्ने तथा लिलाम गर्नुपर्ने भनि उल्लेख गरी एको जिन्सी सामग्रीहरुको कारवाही गरेको देखिएन ।

• कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• पालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन भएको भनि अनुगमन भत्ता भुक्तानी भए तापनि अनुगमन निरिक्षणको क्रममा देखिएको व्यहोराहरु प्रतिवेदनमा खुलाउने गरेको पाईएन ।

• वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

• तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ वमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षणले औल्याएका कैफियत अन्तिम लेखापरीक्षण अगावै सम्परिक्षण गराउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वयन गरेको पाईएन ।

• कतिपय निर्माण कार्यमा प्रयोग हुने मिस्कट लगायतको निर्माण सामग्रीको स्टिमेटमा मु.अ.कर समावेश भएको तर उपभोक्ता समितिले सो खरिद वापतको कर विजक पेश गरेको देखिएन ।

• पालिकामा निर्माण भएको अधिकांश सडक योजनाहरुमा डोलीडारको नर्म्स प्रयोग गर्ने गरेको तर सडक विभागको नर्म्स प्रयोग गरेको देखिएन ।

• परामर्श सेवाबाट पालिकाले गराएको अध्ययन कार्यको प्रतिवेदनहरु जिन्सीमा दाखिला गर्ने नगरेको ।

• सवारी लगवुक भर्ने नगरेको ।

• व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा नल्याएको ।

• कार्यालयमा जडान भएको सफ्टवेयरहरुको जिन्सी दाखिला गर्ने नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र. स | क्षेत्र | बजेट | कुल बजेटको प्रतिशत | खर्च | कुल खर्चको प्रतिशत | बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | 49649000.00 | 6.66 | 34644913.00 | 6.25 | 69.78 |
| २ | पूर्वाधार विकास | 183217000.00 | 24.59 | 121298255.53 | 21.88 | 66.20 |
| ३ | सामाजिक विकास | 347225000.00 | 46.60 | 259157833.60 | 46.75 | 74.64 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 42568000.00 | 5.71 | 29281591.54 | 5.28 | 68.79 |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | 122441000.00 | 16.43 | 109940289.11 | 19.83 | 89.79 |
| | जम्मा | 745100000.00 | 100 | 554322882.78 | 100 | 74.40 |

पालिकाले कुल बजेटको तुलनामा ७४.४० मात्र खर्च गरेको छ । क्षेत्रगत रुपमा अन्य क्षेत्रमा बजेटको तुलनामा घटी भएपनि अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा बजेट खर्चको अनुपात तुलनात्मक रुपमा बढी रहेको छ ।

सैद्धान्तिक बेरुजु

## ७ बजेट पेश, पारित र अख्तियारीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।३।७ मा रु.७४ करोड ५१ लाख २५ हजार बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।३।८ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरी सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ बजेट सीमा निर्धारण समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधी तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ योजना प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरी वी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २२२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | वडा/पालिका स्तरीय | २२२ | ३६ | ४४ | १४१ |

उपर्युक्त विवरणअनुसार पालिकाले स-साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसै गरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९२ योजनामात्र कार्यान्वयन भई ३० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. १,६६,४३,१७०।५ राजस्व बाँडफाँड र अनुदानबाट रु ४८,७३,९५,६४३।२५ र गत वर्षको मौज्दात रु. १४,४२,९२,५७८।८४ समेत रु. ६४,८३,३१,३९२।५९आम्दानी भएकोमा चालु तर्फ रु.३७,८४,५४,२११।३७ र पूँजिगत तर्फ रु.१७,५८,६८,६७१।४१ समेत रु.५५,४३,२२,८८२।७८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३% प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु. ९४,६४,९८०।०० खर्च भएको छ जुन आन्तरिक आयको ५६.८७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.३ प्रतिशत चालु र ४१.७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास

निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरी नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **चौमासिक पूजीगत खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | १७,५८,६८,६७१।४१ | ७४,४८,६०२ | ३,५७,४२,७९१ | १३,२६,७८,२७८।८१ | ७,०६,५७,६२३ |
| प्रतिशत | ६३.५३% | ४.३४% | २०.३२% | ७५.४४% | २५.५२% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१७,५८,६८,६७१।४१ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७४,४८,६०२ (४.३४ प्रतिशत), दोस्रो चौमासिकमा रु. ३,५७,४२,७९१(२०.३२ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १३,२६,७८,२७८।८१ (७५.४४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७,०६,५७,६२३(२५.५२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरी नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख र स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ कर्मचारी कल्याण कोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ८८,००,००० ट्रान्सफर गरेको छ ।

सैद्धान्तिक बेरुजु

## १४ आय अनुमानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,०७,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१,६६,४३,१७०।५ अर्थात अनुमान भन्दा १९.६० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

## १५ आयको अनुमान र असूलीः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असूली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | १०००००.०० | ३१५०.०० | 0.32 |
| भूमिकर/मालपोत | ३०००००.०० | ४९२२६०.०० | 16.41 |
| घरबहाल कर | १२०००००.०० | ११७२३६८.९६ | 97.70 |
| सवारी साधन कर (साना सवारी) | २०००००.०० | ०.०० | 0.00 |
| अन्य मनोरञ्जन कर | २०००००.०० | ०.०० | 0.00 |
| अन्य कर | १०००००.०० | ८९०५४६९.४२ | 890.55 |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १५०००००.०० | ०.०० | 0.00 |
| कृषि उत्पादनको विक्रीवाट प्राप्त आय | ५०००००.०० | ०.०० | 0.00 |
| विद्युत सेवा शुल्क | २०००००.०० | ७०५००.०० | 35.25 |
| शिक्षा क्षेत्रको आम्दानी | ३०००००.०० | ६५००.०० | 2.17 |
| परीक्षा शुल्क | २०००००.०० | १४८४००.०० | 74.20 |
| नक्सापास दस्तुर | २००००००.०० | २०४४७१.१२ | 10.22 |
| सिफारिस दस्तुर | २५०००००.०० | २५८६७७४.०० | 103.47 |

| | | | |
|---|---|---|---|
| व्यक्तिगत घट्ना दस्तुर | ३००००0.00 | २९३४५०.०० | 97.82 |
| नाता प्रमाणित दस्तुर | ५०००००.०० | ६०७६९७.०० | 121.54 |
| अन्य दस्तुर | १००००००.०० | १८३५२४६.०० | 183.52 |
| प्रशासनिक दण्ड जरिवाना र जफत | ५०००००.०० | ५१३४४.०० | 10.27 |
| व्यवसाय कर | ४५०००००.०० | २६५५४०.०० | 5.90 |
| जम्मा | २०६०००००.०० | १६६४३१७०.५० | ८०.७९ |

अन्य कर र अन्य दस्तुर शीर्षकमा अनुमानको क्रमशः ८९०.५५ प्रतिशत र १८३.५२ प्रतिशत आम्दानी भएको छ ।आम्दानीको अनुगमन गर्न र आगामी वर्षको लागि प्रच्छेपण गर्न अन्य कर शीर्षकको आयलाई पुनः वर्गिकरण गर्नुपर्ने देखिन्छ । सवारी साधन कर, अन्य मनोरञ्जन कर, सरकारी सम्पत्तिको वहाल र कृषि उत्पादनको बिक्रीबाट कुनै आय प्राप्त भएको देखिएन । पालिकाले प्रक्षेपण गरेको आय अनुमानमध्ये एकीकृत सम्पत्ति करबाट ०.३२ प्रतिशत,भूमिकर/मालपोतबाट १६.४१ प्रतिशत,शिक्षा क्षेत्रबाट २.१७ प्रतिशत,नक्सापास दस्तुरबाट १०.२२ प्रतिशत र व्यवसाय करबाट ५.९० प्रतिशत मात्र आम्दानी भएको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य अनुसार आम्दानी भएको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउन प्रशासनिक प्रवन्ध गरी करदाताहरुलाई कर तिर्न प्रोत्साहन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,६५,५४०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्। पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख नियमित राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **राजस्व असुलीः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७(४) प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम प्राप्त भएको ३ दिन भित्र दाखिला नगरेको देखिन आएमा दाखिला गर्न बाँकी रकम र थप १० प्रतिशतले हुने जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने व्यवस्था छ। रसिद नियन्त्रण खाता लगायतका राजस्व अभिलेख प्रणाली प्रभावकारी नभएकोले कति राजस्व संकलन भएको र दाखिला भएको यकिन गर्न सकिएन ।गाउँपालिकाको मातहतका वडाहरुबाट असुल भएको नगद राजस्व देहायअनुसार ऐनमा तोकिए भन्दा ढिला गरी दाखिला गरेको तथा दाखिला गर्न बाँकी राखेकोले कानून बमोजिम जरिवाना समेत थप गरी असुल गर्नुपर्ने रु ......

| वडा नं | जिम्मेवार व्यक्ति | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी | ढिला दाखिला गरेको रकम | १०% जरिवाना | जम्मा दाखिला गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| ३ | वडा सचिव केशव तिवारी | ९१०३९२.०० | ९१०३९२.०० | ०.०० | ४४७१२८.०० | ४४७१२.८० | ४४७१२.८० |
| ४ | वडा सचिव फुलचन बिन | ८२५१२४.४० | ७६४३९५.०० | ६०७२९.४० | ४६२६६३.०० | ४६२६६.३० | १०६९९५.७० |
| ५ | वडा सचिव सागर अर्याल | ५८४०२७.०० | ४९०६००.०० | ९३४२७.०० | ४८२०२७.०० | ४८२०२.७० | १४१६२८.७० |
| ६ | वडा सचिव नरेन्द्र कुमार पाण्डे | ५५३५६८.०० | ४३०४४७.०० | १२३१२१.०० | ५३६२४७.०० | ५३६२४.७० | १७६७४५.७० |
| ७ | वडा सचिव केशव तिवारी | ६५०४६७.५० | ६५०४६७.५० | ०.०० | ३०१५०९.०० | ३०१५०.९० | ३०१५०.९० |
| ८ | वडा सचिव सागर अर्याल | ८९८५०७.०० | ६९३७१३.०० | २०४७९४.०० | ३४७८४१.०० | ३४७८४.१० | २३९५७८.१० |
| ९ | वडा सचिव नरेन्द्रकुमार पाण्डे | ९३१०२३.०० | ९३१०२३.०० | ०.०० | ४७८२१४.०० | ४७८२१.४० | ४७८२१.४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | ५३५३१०८.९० | ४८७१०३७.५० | ४८२०७१.४० | ३०५५६२९.०० | ३०५५६२.९० | ७८७६३३.३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८७,६३३ |

१८ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधी र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले१६ वटा ऐन, १० वटा नियमावली र ४ वटा कार्याविधी निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२० **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो

लगाउन बाँकी ५९ र यो वर्ष थप भएको १६६ गरी कुल २२५ विवाद दर्ता भएकोमा १८७ वटा मात्र फस्यौंट भई ३८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५६ जना पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२२ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ७४ जना कर्मचारीकरारमा नियुक्त गरी तलव भत्ता रु.१,०२,१८,०००।-भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

| | | |
|---|---|---|
| | अनियमित भएको | १,०२,१८,००० |

२३ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फको कर्मचारीको रु.२,४९,९९,३३२।६० र पालिकाको कर्मचारीको रु.२,६३,५७,०९८।५४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित न गरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२४ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानुन तथा कार्यविधी नबनाई रु.२४,२२,५६८।७७ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधी तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधी तयार गरी विभिन्न १२८ संघसंस्था र व्यक्तिहरुलाई उपचार खर्च, विभिन्न चाडपर्व खर्च, मेला महोत्सव सञ्चालन, विपन्न नागरिक र विवाह कार्ड छपाई लगायतमा रु. १२,५८,७८६।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १,६६,४३,१७०।५ को ७.५६ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **शिक्षक दरबन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | लक्ष्मीपुराआधारभूत विद्यालय | ६ | ६ | २ | १९३ |
| २ | ब्रह्मबाबाआधारभूत विद्यालय | ५ | ५ | १ | १२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आदर्शमाध्यमिक विद्यालय | २० | २० | ६ | ११७२ |
| ४ | जनता प्राथमिकविद्यालय | ५ | ५ | २ | २२४ |
| ५ | महेन्द्रमाध्यमिक विद्यालय | ११ | ११ | ७ | ५०९ |
| ६ | विरेन्द्रआधारभूत विद्यालय | ६ | ६ | १ | २०७ |
| ७ | सावित्रीआधारभूत विद्यालय | ४ | ४ | १ | १५८ |
| ८ | जनजागृतिआ.आधारभूतविद्यालय | ५ | ५ | १ | २१८ |
| ९ | जनता आधारभूतविद्यालय | ३ | ३ | १ | १३९ |
| १० | गणेश प्राथमिकविद्यालय | ३ | ३ | १ | १११ |
| ११ | गणेश माध्यमिकविद्यालय जगन्नाथपुर | १४ | १४ | ८ | ६२९ |
| १२ | जनता प्राथमिकविद्यालय | ३ | ३ | ० | ११२ |
| १३ | जनजागृतिमाध्यमिक विद्यालय | १९ | १९ | २ | ९२० |
| १४ | गणेशमानप्राथमिक विद्यालय | २ | २ | १ | २६ |
| १५ | जीवनज्योतिप्राथमिक विद्यालय | ३ | ३ | २ | ५७ |
| १६ | गणेश माध्यमिकविद्यालय, बसैया | ८ | ८ | २ | ८१५ |
| १७ | ज्ञानमन्दिरआधारभूत विद्यालय | ४ | ४ | १ | ११७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | बी.पी.स्मृतिप्राथमिक विद्यालय | २ | २ | १ | ५५ |
| १९ | डम्बर बहादुरआधारभूत विद्यालय | १२ | १२ | ५ | ५६७ |
| २० | ज्ञानज्योतिप्राथमिक विद्यालय | ३ | ३ | १ | १०६ |
| २१ | कोटहीप्राथमिक विद्यालय | ३ | ३ | १ | ११५ |
| २२ | बाल्मिकीआधारभूत विद्यालय | ५ | ५ | २ | १३८ |
| २३ | त्रिभुवनमाध्यमिक विद्यालय | ३१ | ३१ | ६ | २१२५ |

पालिकाले विद्यार्थीहरुसँग शिक्षकको मिलान गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कार्य सम्पादनः**

स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन ( LISA रिपोर्ट ) अनुसार यस पालिकाको समग्र कार्य सम्पादन मुल्याँङ्कनमा आर्थिक बर्ष २०७८।७९ मा कुल १०० अंकमा ८८ अंक प्राप्त गरेको देखिन्छ ।समग्र कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको निरन्तर प्रयास हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराएकोमा जिन्सी सामग्रीको विवरणमा राखेको देखिन्छ । कानुनको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **जिन्सीः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

१) कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरे पनि साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

२) नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । नियमावली बमोजिम जिन्सीको भौतिक निरीक्षण गराई जिन्सी मालसामानहरुको मर्मत तथा लिलामको प्रवन्ध गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४४ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका आंशिक सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरी एको प्रतिवेदन तयार भएको देखिएन । ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **पेश्कीः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्योट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की रु.३,५७,९९,२००।- आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये यो वर्ष उपबल्ध गराएको कर्मचारीतर्फ रु.३,१४,०००।-, निर्माण व्यवसायीतर्फ रु.१२,००,०००।- र अन्य व्यक्तितर्फ रु.१,५०,०००।- समेत रु.१६,६४,०००।- म्याद नाघे पनि फर्स्यौट गर्न बाँकी रहेकोले छ । गत वर्ष उपलब्ध गराएको निर्माण व्यवसायीतर्फ रु.१,१२,७७,२००।- संस्थागत रु.१५,००,०००।- र अन्तर्गत निकायतर्फ रु.१३,५८,०००।-समेत रु.१,४१,३५,२००।-को म्याद समाप्त भए पनि फर्स्योट गरेको देखिदैन ।पालिकाले बैङ्क जमानतबेगर नै अन्य व्यक्तिलाई पेश्की उपलब्ध गराएको र आर्थिक कारोवार गर्ने अधिकार नभएको प्राथमिक स्वास्थ्य केन्द्रको नाममा समेत पेश्की दिई बजेट निश्क्रिय राखेको समेत देखिएको छ । यसमा सम्बन्धितलाई जिम्मेवार बनाई सम्पूर्ण पेश्की नियमानुसार फर्स्योट गर्नुपर्ने रु..

| पेश्की मिति | पेश्की लिनेको नाम | पेश्कीको उद्देश्य | म्याद नाघेको पेश्की | म्याद बाँकी पेश्की |
|---|---|---|---|---|
| | कर्मचारी | | | |
| २०८०।३।१७ | केशव तिवारी | वडा कार्यालय विद्युत महसुल | ११७००० | |

| | | | | |
|---|---|---|---|---|
| २०८०।३।१७ | नरेन्द्र कुमार पाण्डे | वडा कार्यालय विद्युत महसुल | ८७००० | |
| २०८०।३।१७ | विनोद कुमार वानिया | वडा कार्यालय विद्युत महसुल | ५०००० | |
| २०८०।३।१७ | सागर अर्याल | वडा कार्यालय विद्युत महसुल | ६०००० | |
| | | कर्मचारी पेश्की जम्मा | ३१४००० | |
| | निर्माण व्यवसायी | | | |
| २०७९।४।१ | गुरुकुल—फिक्कल जे.भी. | वडा नं. ८ वडा कार्यालय भवन | १२३८६००. | |
| २०७९।४।१ | गुरुकुल—फिक्कलजे.भी. | वडा नं. ८वडा कार्यालय भवन | १२३८६००. | |
| २०७९।४।१ | सिर्जनशिलकन्स्ट्रक्सन कम्पनी प्रा.लि. | वडा नं. ५वडा कार्यालय भवन | २००००००. | |
| २०७९।४।१ | सिर्जनशिलकन्स्ट्रक्सन कम्पनी प्रा.लि. | वडा नं. ५वडा कार्यालय भवन | २००००००. | |
| २०७९।४।१ | कोरलनिर्माण प्रा लि | वडा न १,३ र ७ का स्वास्थ्य चौकि भावन निर्माण | ४८०००००. | |
| २०७९।९।२१ | लोटस।देउती बज्यै।डि.सी बिल्डर्स-जेभि | गाँउपालिकाभवन निर्माण । | | १००००००० . |

| | | | | |
|---|---|---|---|---|
| २०७९।१२।२१ | लोटस।देउती बज्यै।डि.सी बिल्डर्स-जेभि | गाँउपालिकाभवन निर्माण । | | १०००००००. |
| २०८०।१।२९ | कोरलनिर्माण प्रा लि | अन्य सार्वजनिक निर्माण | १२०००००. | |
| | | निर्माण व्यवसायी जम्मा | १२४७७२००. | २००००००० |
| | संस्थागत | | | |
| २०७९।४।१ | जगन्नाथपुरप्राथमिक स्वास्थ्य केन्द्र | जग्गा अधिग्रहण मुआव्जा | १५०००००. | |
| | | संस्थागतजम्मा | १५०००००. | ०. |
| | अन्तर्गत निकाय | | | |
| २०७९।४।१ | त्रिभुवनमाध्यमिक विद्यालय | भवन रङ्गरोगन | ५०००००. | |
| २०७९।४।१ | त्रिभुवनमाध्यमिक विद्यालय | चउर माटो पुर्ने | ५०००००. | |
| २०७९।४।१ | त्रिभुवनमाध्यमिक विद्यालय | मन्टेसरी कक्ष संचालन | ३५८०००. | |
| | | अन्तर्गत निकाय जम्मा | १३५८०००. | ०. |
| | व्यक्तिगत | | | |

| | | | | |
|---|---|---|---|---|
| २०७९।६।१४ | नरेन्द्रकुमार पाण्डे | मेला पर्वसंस्कृति | १००००० | |
| २०७९।६।१४ | जवाहिर लालकहार | मेला पर्वसंस्कृति | ५०,०००.०० | |
| | | व्यक्तिगत जम्मा | १५००००. | |
| | | कुलजम्मा | १५७९९२०० . | २००००००० . |

| | |
|---|---|
| पेश्की | १,५७,९९,२०० |

## ३३ बढी तलब भुक्तानीः

अर्थ मन्त्रालयको २०७९।४।३० को च नं २७ को पत्रबाट कर्मचारीहरुको २०७९ श्रवाण १ गतेबाट लागु हुने गरी नयाँ तलवमान र सुविधा तोकेको छ । कार्यालयलयले कर्मचारीहरुको तलब तथा सुविधाको गणना गर्दा उक्त परिपत्रमा उल्लेखित सुविधामा नबढ्ने गरी गणना गर्नुपर्दछ । पालिकाले निम्न कर्मचारीहरुलाई २०७९ साल असोज महिनाको तलब भुक्तानी दिदा रु.९०३६।- भुक्तानी भएकोले तोकेकोभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ९,०३६।

| भौचर नं/मिति | ब.उ.शी.नं | तलब भुक्तानी लिनेको नाम | बढी तलब |
|---|---|---|---|
| १३-२०७९।७।३ | संघीय चालु | सुभान अलि | २०१२ |
| | | अनिल यादव | २०१२ |
| | | सिमाकुमारी जयवाल | २०१२ |
| | | अनिल कडेल | १००० |

| | | | |
|---|---|---|---|
| | | छविलाल यादव | १००० |
| | | निरकार कोईरी | १००० |
| जम्मा | | | ९०३६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०३६ |

## ३४ ननफाईलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ. कर रु. १,६८,२८२।४७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन-फाईलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ. नं/ मिति | ब.उ.शी. नं. | योजना/ कार्यक्रम | फर्मको नाम (मु.क.द.नं) | बीजक रकम | मू. अ. कर |
|---|---|---|---|---|---|
| ४०६-२०७९।३।२४ | प्रदेश पुँजीगत | गुलाब कहारको घरदेखि सन्तमान अनुयायी आश्रम जाने बाटो स्तरोन्नती | एम. भण्डारी कन्स्ट्रक्शन एण्ड रियल स्टेट (६०६५६६५३१) | १३१७८११।८३ | १६८२८२।४७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६८,२८२ |

## ३५ पुनः एकिकरण सम्बन्धि कार्यक्रमः

यस पालिका र वैदेशिक रोजगार बोर्डको सचिवालयसँग को मिति २०८०।१।६ को सम्झौता बमोजिम बैदेशिक रोजगारबाट फर्केका व्यक्तिको लागि पुनःएकिकरण कार्यक्रम सम्पन्न गरी रु.१६,२७,३१०।– खर्च लेखेकोमा देखिएको ब्यहोराहरु निम्नानुसार छनः

- पालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सम्झौता बमोजिम बैदेशिक रोजगारबाट फर्केका ४० जना व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन र क्षमता विकास सम्बन्धि ७ दिने तालिम प्रदान गरेको देखिन्छ।उक्त ७ दिने कार्यक्रममा कोठा भाडाबापत भागवत चौधरीलाई रु.१०,५००।–भुक्तानी गरी एको देखिएकोमा बहाल कर कट्टा न गरी भुक्तानी गरेको देखिएकोले उक्त बहार कर असुल उपर गर्नुपर्ने रु.१०५०

- तालिममा सहभागि ४० जना सहभागिहरुलाई पानी तान्ने मोटर, फ्रिज, पाईप, वायरिङ सामग्री सेट, कैचि, कुर्सी, क्रिम, ट्रिमर जस्ता सामग्रीहरु खरिद गरी वितरण गरेको देखिन्छ ।वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सम्झौता बमोजिम कार्यक्रम सम्बन्धमा अनुगमन प्रतिवेदन पेश भएको नदेखिदा उक्त प्रतिवेदन पेश हुनुपर्दछ । रु. १६,२७,३१०

यस किसिमको कार्यक्रम वर्षान्तको समयमा सम्झौता गरी उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रुपमा घरेलु सामग्रीको लाभ भएता पनि कार्यक्रमको उद्देश्य बमोजिम दिगोपना तथा दिर्घकालिन रोजगारी सिर्जना भएको देखिदैन ।कार्यक्रमको उद्देश्य पुरा गर्न सम्बन्धित पक्षले कार्यविधी बमोजिम समयमै कार्यक्रम गर्नेतर्फ अग्रसर रहनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२७,३१० |

३६ **जडानको प्रमाणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सामान आपूर्ति पश्चात परीक्षण गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्न बजेट उप शीर्षकबाट सूचना प्रविधिसँग सम्बन्धित आइसिटील्याबको रकम विद्यालयलाई अनुदान दिएकोमाउक्तल्याब स्थापना भएको प्रमाण पेश भएको छैन । विद्यालयले खरिद गरेका कम्प्युटर उपकरण तथा सामग्रीहरु तोकिएको स्पेशिफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection -PDI) पेश गरेको देखिएन । यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भएको र तोकिएको प्राविधिक स्पेशिफिकेशन बमोजिमकै सामग्री खरिद गरेको यकिन हुन नसकेकोले नियम ११५ बमोजिमको प्राविधिक प्रतिवेदन एवं जडान गरेको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

| गो भौ नं/मिति | बजेट उपशीर्षक नं. | नाम | सामानको संक्षिप्त विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १००१-२०८०।३।२४ | गापा चालु | सिसि टिभी जडान | वाईफाई तथा सिसिटिभी जडान | ४११२९१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,११,२९१ |

३७ **विपद् व्यवस्थापनः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **वितरणमुखी खर्चः**

पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पुँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन लाभग्राहीलाई वितरण गर्दा दीर्घकालिन पुँजी निर्माण नहुने र तत्काल मात्र राहत तथा उपयोगिता दिने स्थितिमा रहेका खर्चलाई नियन्त्रण गर्न आवश्यक देखिन्छ। ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिदैन। नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले वितरणमूखी योजना कार्यान्वयन गरी रु १३,१७,७८१।— खर्च गरेको र वितरण गरेका बिभिन्न सामग्रीहरु सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कार्यविधीको परिपालना भएको देखिएन। पुँजीगत बजेटबाट वितरणमुखी कार्यमा खर्च गरेको मनासिव देखिदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा २ हजार ७५७ जना रहेका छन। पालिकाले मिति २०८०।३।१० मा ए वान ट्रेडर्स (६०२६८१३८२) बाट १७ हजार ३९० थान स्यानिटरी प्याड रु.१९,९९,८४९।९९ (मु अ कर समेत) मा खरिद गरेको छ । सो स्यानिटरी प्याड मध्ये ३ हजार ९२६ थान पालिकाले मौज्दात राखी बाँकी विद्यालयहरुलाई वितरण गरेको देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण

गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **भ्रमण भत्ताः**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ बमोजिम सवै प्रकारका सीप विकास तालिम, गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत पालिकास्तरमा रु.७००।०० र कार्यपत्र वापत रु. ८००।०० पाउने व्यवस्था उल्लेख छ। उक्त निर्देशिकामा जिल्ला तथा पालिकास्तरीय तालिम, गोष्ठी र कार्यशालामा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउने व्यवस्था रहेको छ। पालिकाले संचालन गरेका विभिन्न कार्यक्रमहरुमा कार्यालयकै स्रोतव्यक्ति प्रयोग गरेकोमा प्रशिक्षक भत्ता तथा कार्यपत्र बापतको समेत भुक्तानी भएको पाइएकोले प्रशिक्षक भत्ता बापतको रकम बढी भुक्तानी भएको देखिएको छ। पालिकाले निम्नानुसारका तालिम तथा गोष्ठीमा अर्थमन्त्रालयको नर्म्स भन्दा बढी भुक्तानी गरेको रकम रु १३११०।- असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | कार्यक्रम | प्रशिक्षक | लिएको रकम (कर बाहेक) | पाउनुपर्ने रकम (कर बाहेक) | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३४-२०७९।९।१३ | कोभिड-१९ को भ्याक्सिनको डिजिटाईजेशन तथा क्यू आर कोड प्रमाणिकरण | कुन्दन कुमार सिंह | ४८०० | २४०० | २४०० |
| १८९-२०८०।२।७ | पोषण कार्यक्रम | विवेक ठाकुर | ७६५० | ४०८० | ३५७० |
| | | चन्द्रकान्त कुमार भूज | ७६५० | ४०८० | ३५७० |
| | | विमल ओली | ७६५० | ४०८० | ३५७० |
| जम्मा | | | | | १३११० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,११० |

४१ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रिया वेगर रु. ३४,२९,२६९।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्:

- खरिदगरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रियपत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
- आपूर्तिहुने औषधिको उत्पादन मिति, ब्याच नं र म्यादसमाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेकोतथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्तिभएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसारभए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिकोजिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएकोखुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको
- औषधिकोखर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेखराख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्तभएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरी एको औषधिको विवरण खुल्ने गरी अभिलेखराख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेखव्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तीलाई न्यूनतम रोजगारी प्रत्याभुति गराउन एवं सामुदायिक पूर्वाधारको स्थानीय मार्फत नागरिकको जिवनयापन सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ

।प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५ को दफा २ (१) वमोजिम पालिकाले वेरोजगार तथ्यांक अध्यावधिक गरेर सूचिमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागिरोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले वेरोजगार तथ्याङ्क अध्यावधिक गरी कुल बेरोजगारी संख्या ६०२ को विवरण राखेको देखियो । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो मर्मत सम्भार तथा प्रारम्भिक शिक्षा सम्बन्धी शिक्षक सिकाइ समेत लगायतका कार्यक्रमहरु संचालन गरी यस वर्ष ८३ जनालाई ७ हजार २७० दिन रोजगारी उपलव्ध गराई रु. ४१,५२,८४२।- खर्च लेखेको छ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सिर्जना भएता पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सिर्जना भएको देखिदैन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **अनुगमन भत्ताः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ८(५) मा सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमणमा जाँदा कामसँग सम्बन्धित तीन जनाभन्दा बढी व्यक्ति जान नहुने र अनुगमन भ्रमणबाट फर्केपछि अनुगमन प्रतिवेदन पेश गरेमा मात्र भ्रमण खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट अनुगमन प्रतिवेदन वेगर निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरुलाई निम्न कार्यक्रमहरुमा भुक्तानी भएको देखिएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | ब.उ.शी.नं | कार्यक्रम | प्रशिक्षक | रकम |
|---|---|---|---|---|
| १८९-२०८०।२।७ | संघीय शसर्त चालु | सुनौलो हजार दिनको आमाहरुलाई करेसाबारी तालिम | चिरन्जिवी घिमिरे | २००० |
| | | | ललित चौधरी | ९००० |
| | | | मानकुमारी चौधरी | २००० |
| | जम्मा | | | १३०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००० |

४४ **बहुक्षेत्रीय पोषण कार्यक्रमः** (१८६-२०८०-२-५):

पालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो १००० दिन भित्रका सुत्केरी महिलाहरुका लागि पोषण अवस्था सुधारको लागि आय आर्जन सुधार कार्यक्रमका लागि श्री पार्वती महिला कृषक समूह, प्रतापपुर-७, मेगहीसँग सम्झौता गरी २५ जना समूहका सदस्यहरुलाई रु.२५,०००।०० का दरले जम्मा रु.६,२५,०००।०० भुक्तानी गरेकोमा मापदण्ड अनुसार समूह छनौट भएको छ भनी सुनिश्चित गर्ने आधार खुलाएको देखिएन । समूहबट व्यवसायिक योजना नलिएको र रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको समेत छैन ।नतिजामुखी कार्यक्रममा मात्र लगानी गरी वितरणमुखी कार्यक्रम नियन्त्रण गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४५ **दोहोरो भुक्तानी** (१७१-२०८०-१-१०):

पालिकाले मिति २०७९।१२।१३ र १४ संचालन गरेको मातृ तथा नवजात शिशु सुरक्षा बारे स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रममा प्रशिक्षकको रुपमा स्वास्थ्य कार्यालय, परासीका प.हे.न. श्री कल्पना पौडेल रही निज प्रशिक्षकलाई उक्त कार्यक्रम अवधीमा प्रशिक्षण भत्ता र दैनिक तथा भ्रमण खर्च समेत भुक्तानी दिई दोहोरो सुविधा प्रदान गरेको देखिन्छ । यसरी प्रशिक्षण भत्ता उपलब्ध गराउदा गराउदै दैनिक तथा भ्रमण खर्च भुक्तानी दिएको मनासिव नदेखिएकाले उक्त २ दिनको दैनिक तथा भ्रमण खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३,२०० |

४६ **विज्ञापन प्रयोगशालाः** (२५२-२०८०-३-१७):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा आपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तरको भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत गणेश माध्यामिक विद्यालय जगन्नाथपुरमा विज्ञान प्रयोगशालाको स्थापनाका लागि योजना स्वीकृत भई रु.६,५०,००० निकासा दिएकोमा नियमावलीको व्यवस्था बमोजिम प्राविधिक स्पेसिफिकेशन र गुणस्तर निरीक्षण वा परीक्षण गराएको प्रमाण नरहेकोले तोकिएको स्पेशिफिकेशन बमोजिम खरिद गरे नगरेको यकिन हुनेसकेन । यस सम्बन्धमा पालिकाबाट अनुगमन गरी गुणस्तर र उपयोगको अवस्था यकीन गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ६,५०,००० |

४७ **म्याट खरिदः** (२०-२०८०-३-२१):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० अनुसार विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको शिर्षकको रकम वाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिइ निकाशा र खर्चको लेखा अध्यावधिक गरी भुक्तानी निकाशा वन्द गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले युवाहरुको लागि पालिकास्तरिय खेलकुद प्रतियोगिता गर्न इन्टरलक म्याट थान २०० खरिद गरी मोडा फेन्सी ट्रेडर्स प्रालि (६१०२७७९५१) रु.५,७०,०००।- भुक्तानी गरेकोमा उक्त सामग्री आर्थिक वर्षको अन्तमा आएर खरिद गरेको छ ।खरिद गरी एका उक्त सामग्रीहरु वितरण नगरी त्यसै स्टोरमा थन्क्याएर राखेको देखियो।वजेट फ्रिज हुन नदिने उदेश्यले खरिद गरी खर्च लेखेको मनासिव देखिएन ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४८ **अनुगमन भत्ताः** (१७-२०८०-३-१७):

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा ८(५) मा सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमणमा जाँदा कामसँग सम्बन्धित तीन जनाभन्दा बढी व्यक्ति जान नहुने र अनुगमन भ्रमणबाट फर्केपछि अनुगमन प्रतिवेदन पेश गरेमा मात्र भ्रमण खर्च लेख्नुपर्ने व्यवस्था छ । मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरुको अनुगमन सम्बन्धी खर्चको विल भर्पाई अनुसार १८ योजनाको बढीमा ३ जनाले अनुगमन गर्दा रु.५४०००।- सम्म अनुगमन भत्ता खर्च लेख्न सकिनेमा सो सङ्ख्याभन्दा बढी समावेश भई रु.११५०००।- खर्च लेखेकोले मापदण्डभन्दा बढी खर्च लेखेको रु.७१०००।- असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,००० |

४९ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरी ने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा ८८८ थान को रु.७,९९,१९९।- मा खरिद गरेकोमा ६८५ मात्र प्रसुती भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २२८ थान न्यानो झोला मौज्दातमा रहेका छन् भने बाँकी बर्थिङ सेन्टरहरुमा मौज्दात रहेको कार्यालयले जनाएको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक निकायबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आँकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **दिवा खाजाः**

आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७९।०४।१७ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमे।का बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहद र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरी उक्त अनुसूचिको दिवा खजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विवद्यालयमा दिवा खजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ । गाउँपालिकाले शसर्त अनुदानबाट कुल २३ विद्यालयका लागि दिवा खाजा बापत रु ९७,५२,९३०।०चौमासिक रुपमा विद्यालयको खातामा विद्यार्थि हाजिरीका आधारमा निकासा गरेको पाइयो । यसरी निकासा गरेको रकम तोकिए बमोजिमका पौष्टिक युक्त खाने कुराको लागि उपयोग भए नभएको सम्बन्धमा अनुगमनको माध्यमबाट सुनिश्चित गरी प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **विद्यालय शिक्षा कार्यक्रमः**

५१.१ कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान यकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकामा ३४ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको यकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा नगरपालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदानमा ६विद्यालयलाई बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा रु.२१,५०,०००। खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि तयार नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी खर्च लेखेको देखियो ।पालिकाले विगत बर्ष देखि अनुदान दिदै आएको भनी कार्यविधि वेगर पालिकाबाट दोहोरो हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.३ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार तोकिएको सुचकाङ्कका आधारमा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई समयमापन सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु.५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणकालागि रु.२ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सूचक निर्धारण गरी ति सूचक मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ । पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्वःमूल्याङ्कनको आधारमा विद्यालयलाई निकासा भएको देखियो । कार्यान्वयन पुस्तिकाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१.४ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरी कको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्य सामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृिढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरी कबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**५२ शिक्षक तलबः**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरी ने उल्लेख छ । गाउँपालिकाले आदर्श मा वि सेमरीका शिक्षक श्री धन ब ज्ञवालीको ०७९।७।१५ मा मा वि तृतीय श्रेणीको शिक्षकबाट मा वि द्वितीय तहको शिक्षकमा बढुवा भएकोमा खाइपाइआएको तलबमा नघट्ने गरी द्वितीय तहको पारिश्रमिकमा २ ग्रेड सहित

भुक्तानी भएको देखिन्छ ।शिक्षकको ग्रेड वृद्धि २०८१ बैशाखबाट हुनुपर्नेमा २०८० वैशाखमा नै १ ग्रेड थप गरी तलब माग भएको र पालिकाबाट माग बमोजिम रु.१६२५।-दरले अन्तिम त्रैमासिममा तीन महिनाको कुल रु ४८७५। र १० प्रतिशत सञ्चय कोषले हुन आउने रु ४८७।५ गरी कुल रु ५३६२।५ बढि भुक्तानी भएकोले बढि भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,३६३ |

## ५३ अनुगमन भत्ताः

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ९ बमोजिम पदाधिकारी तथा सदस्यहरुले कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र सम्बन्धित जिल्ला बाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा मात्र स्थानीय आन्तरिक स्रोत समेतको आधारमा मात्र भत्ता पाउने उल्लेख छ । निम्नानुसार पदाधिकारीहरुले आफ्नो कार्य क्षेत्रको योजना अनुगमन गरे बापत भत्ता बुझेको नियमित नदेखिएको रु.

| भौचर नं/मिति | विवरण | अनुगमन संख्या | जम्मा दिन | रकम | कर कट्टी | बुझेको रकम |
|---|---|---|---|---|---|---|
| ८८।२०८०।२।११ | विभिन्न समयमा विद्यालयहरुको अनुगमन | १० | ६८ | ६८००० | १०२०० | ५७८०० |
| ७९१।२०८०।२।११ | सहकारी अनुगमन तथा निरीक्षण | ८ | ६६ | ६६००० | ९९०० | ५६१०० |
| ७९६।२०८०।२।२१ | च्याउ खेती प्रविधी तालिम अनुगमन | १७ | ४५ | ४५००० | ६७५० | ३८२५० |
| ८३१।२०८०।२।३० | योजना संचालन अनुगमन | २५ | ५४७ | ५४७००० | ८२०५० | ४६४९५० |
| जम्मा | | | | | | ६,१७,१०० |

| | |
|---|---|
| अनियमित भएको | ६,१७,१०० |

## ५४ न्यायिक समितिको बैठक भत्ताः

स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ । कार्यालयले विभिन्न मितिमा न्यायिक समितिको बैठक बसेको भनी निम्न भौचरबाट निम्न संख्यामा समितिको पदाधिकारीहरु बाहेकका व्यक्तिहरुलाई समेत बैठक भत्ता भुक्तानी दिएको देखिएकोले तोकिए भन्दा बढी व्यक्तिहरुलाई भुक्तानी भएको भत्ता सम्बन्धित व्यक्तिहरुबाट असुल गर्नुपर्ने रु.

| भौचर नं/मिति | बैठक संख्या | पाउनुपर्ने | लिएको | बढी | बढी रकम | कर कट्टी | रकम |
|---|---|---|---|---|---|---|---|
| ७६।६।२६ | ८ | २४ | ४९ | २५ | २५००० | ३७५० | २१२५० |
| ३२०।१०।३ | १२ | ३६ | ५८ | २२ | २२००० | ३३०० | १८७०० |
| ५६४।१२।२५ | १२ | ३६ | ५१ | २२ | २२००० | ३३०० | १८७०० |
| ७२५।१।१९ | ९ | २७ | ५१ | १४ | १४००० | २१०० | ११९०० |
| ८१७।२।२४ | ३ | ९ | १२ | ३ | ३००० | ४५० | २५५० |
| जम्मा | | | | | | | ७३१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,१०० |

## ५५ बीउ विजन वितरण

सार्वजनिक निकायबाट उपलब्ध गराइएका सामग्री अनुदानबाट लाभग्राहीमा परेको प्रभावको मापन हुनुपर्दछ ।पालिकाले गत विगत वर्ष जस्तै यो वर्ष पनि खाद्यान्न,तेलहन,तरकारी लगायतका बीउ विजन वितरण गरी रु.२५,४४,५०५।- खर्च लेखेको छ । प्रत्येक वर्ष निरन्तरता पाएको यस कार्यक्रमबाट कृषकहरुमा के कस्तो प्रभाव परेको छ, कृषि उपजको उत्पादन तथा

उत्पादकत्व बृद्धि भई कृषकको आयस्तरमा बढोत्तरी भएको छ छैन भन्ने विषयमा अध्ययन भएको देखिएन ।पालिकाले परम्परागत रुपमा केही नागरिकलाई सीमित प्याकेट बीउ विजन वितरणमा बजेट खर्च गर्नु भन्दा पनि स्थानीय भूगोल र संभाव्यताको आधारमा परिवर्तनकारी कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।

| भौचर नं./मिति | अनुदान | रकम |
|---|---|---|
| १७५/२०७९/९/४ | च्याउको बीउ बितरण | ६९९९२० |
| १७५/२०७९/०९/०४ | कृषि बिउ बितरण | ९९८०० |
| २१०/२०७९/०९/१३ | च्याउको बिउ बितरण | ५४९७४० |
| ३६१/२०७९/१०/१९ | तरकारीको बिउ बितरण | १९६१९५ |
| ३००/२०७९/१०/२४ | च्याउको बिउ बितरण | २९८५० |
| ६५१/२०७९/१०/२४ | तेलहन बालीको बीउ बितरण | ३५०००० |
| ५५१/२०७९/११/२९ | घासको बीउ बितरण | ३२०००० |
| ६९३/२०८०/०१/०६ | बिषादी बितरण | २९९००० |
| जम्मा | | २५४४५०५। |

सैद्धान्तिक बेरुजु

५६ **अनुत्पादक खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा योगदान पुर्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सक्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने बिषयलाई समेट्नु पर्ने व्यवस्था छ। कानुनमा भएका उक्त व्यवस्थाका विपरित योजना तर्जुमा गर्दा उत्पादन मुलक कार्यक्रममा जोडदिनुपर्नेमा पालिकले निम्न उल्लेखित अनुत्पादक कार्यक्रम गरेको देखियो। योजना तर्जुमा गर्दा यस प्रकारले कार्यक्रमलाई निरुत्साहित गरी प्रतिफलमुखी कार्यक्रम तर्जुमा गर्ने तर्फ पालिक्ले ध्यान दिनु पर्दछ।

| भौचर नं. ।मिति | विवरण | रकम रु |
|---|---|---|
| ४०।२०७९।६/३ | सम्पूर्ण कर्मचारी र पदाधिकारीहरु तिजको शुभकामना आदान प्रदान गर्ने | १०७५०० |
| ७८६।२०८०।२/११ | कर्मचारी युनियन सँगठन सहयोग | २५००० |
| ३८।२०७९।६/१३ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विधर्थी युनियन सहयोग | १०००० |
| ४८।२०७९।६/१३ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र युनियन सहयोग | १०००० |
| ५३।२०७९।६/१३ | नेपाल पिछडिएका महासंघ | १५००० |
| ५३।२०७९।६/१३ | महिला समुहलाई महिलाहरुको महान पर्व सहयोग | २५००० |
| ७१।२०७९।६/२६ | थारु कन्ल्यान्कारी सभा सहयोग | २५००० |
| १४१।२०७९।८/२१ | वडा नं. २ जमुनाबारीमा छठ पुजा समिति सहयोग | १५००० |
| १५१।२०७९।८/१४ | नव जागृति आमा समुह दरखाने सहयोग | २५००० |
| ५६७।२०७९।१२/५ | नेपाल निजामति कर्मचारी सँगठन सहयोग | २०००० |
| १६३।२०७९।८/२५ | गाउँपालिका राष्ट्रिय महासंघ सहयोग | ५००००० |
| १६७।२०७९।८/२५ | नेपाल निजामती कर्मचारी युनियन सहयोग | १५००० |

| | | |
|---|---|---|
| २०९।२०७९।९/१३ | नेपाल रेडक्रस सोसाइटी सहयोग | २५००० |
| ३७६।२०७९।१०/२४ | मेला पर्वको लागि आर्थिक सहयोग | ३२५००० |
| ६१५।२०७९।१२/२१ | बृद्ध सम्मान कार्यक्रम ब्लान्केट मछारदनी बितरण | ६१६४३९ |
| ७१६।२०७९।१/१७ | नेपाल पत्रकार महासंघ नवलपरासि पश्चिम | २५०००० |

सैद्धान्तिक बेरुजु

५७ **अन्य निकायको खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७ अनुसार कार्यालय प्रमुखले जुन कार्यको लागि बजेट बिनियोजन भएको हो सोही कार्याक्रममा खर्च गर्नु पर्दछ। यस पालिकाले आफ्नो कार्यक्षेत्र बाहेकका विभिन्न कार्यालयका निमित्त निम्न बमोजिमका क्रियाकलापमा खर्च गरेको देखियो। यसरी आफ्नो कार्यक्षेत्र भन्दा बाहिर खर्च गर्दा कार्यालयलाई थप आर्थिक भार पर्ने हुँदा यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं.। मिति | कार्यालय | प्रयोजन | रकम रु |
|---|---|---|---|
| ६४३।०७९।१२/२२ | जिल्ला प्रशासन कार्यालय नवलपरासी | कर्मचारी पारिश्रमिक | ६०००० |
| ६४४।०७९।१२/२३ | इलाका प्रहरी कार्यालय बेलाटारी | खाना खर्च | १०२०० |
| ७३९।०८०।०१/२८ | इलाका प्रशासन कार्यालय सेमरी | बेड सिट र आइरन | २४६३० |
| ७५७।०८०।०२/०२ | नापी कार्यालय नवलपरासी | ए.सी. | ८१००० |

| | | | |
|---|---|---|---|
| ८२३।०८०।०२/२५ | भूमिसुधार तथा मालपोत कार्यालय | इन्धन | ३४७५४ |
| ८६०।०८०।०३/११ | शसस्त्र प्रहरी बल | ल्यापटप | ९९६६६ |
| ९४०।०८०।०३/२० | शसस्त्र प्रहरी बल | इन्धन | ५५२० |

सैद्धान्तिक बेरुजु

## ५८ अवलोकन खर्चः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना कार्यक्रम तर्जुमा गर्दा बिकास तथा गरीबी निवारणमा योगदान पुर्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सक्ने जनताको जीवनस्तर आम्दानि र रोजगारी बढ्ने बिषयलाई समेट्नु पर्ने व्यवस्था छ ।पालिकाले उल्लेखित व्यवस्थालाई ध्यान नदिई सबै वडा स्तरीय र पालिका स्तरीय कृषि अवलोकन भ्रमण जस्ता शिर्षकमा रु.४०००००। खर्च गरेको देखियो ।एकातर्फ अवलोकन भ्रमणमा जाने सबै सहभागी कृषक हुन् भन्ने आधार देखिदैन भने अर्को तर्फ अवलोकन भ्रमण पछी उनीहरुको पेशामा भएको परिवर्तनको मापन भएको छैन । यसरी प्रतिफल प्राप्त नहुने प्रकारको कार्यक्रमलाई निरुत्साहित गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५९ **बिल बिजक** (८६०-२०८०-३-३१):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेरिलेशन कम्पुटर सेन्टरलाई ल्यापटप खरिद वापत भुक्तानी गर्दा सक्कल बिल पेश नभई कार्बनकपी पेश भएकाले सक्कल बिल पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,६६६ |

६० **विरुवा वितरण** (९३५-२०८०-३-२०):

एक घर एक बिरुवा आपको बिरुवा वितरण कार्यक्रम अन्तर्गत महादेव फलफुल नर्सरी बागवानी फर्म कटहरिया -३ रौतहटबाट २०८०।०३।१० अम्रपालि जातका ६००० र दशहरी जातका १२००० आपको बिरुवा खरिद गरी रु.९,६०,०००।- खर्च लेखेको छ ।प्रतापपुर जस्तो प्रसस्त कृषि जमिन भएको पालिकामा एक घर एक विरुवा वितरणबाट किसानको जीवनमा परिवर्तन ल्याउने आधार देखिदैन । स्थानीय भूगोल र आवश्यकताको आधारमा कार्यक्रम छनौट गरी सीमित साधन स्रोतको महत्तम उपयोग गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा एक पटकमा रु.१० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एक फर्म वा कम्पनी मार्फत एक पटक मात्र खरिद गर्न सकिने व्यवस्था छ । नमस्ते पुस्तक पसलबाट स्टेशनरी वापतको रु. ११७४८९७ सोझै खरिद भएको छ । प्राप्त विवरण अनुसार एउटै प्रकृतिको विभिन्न कामलाई प्याकेज नवनाई पटक पटक गरी खरिदगरेको देखियो । खरिद नियमावलीको व्यवस्था विपरित खरिद भएको कार्य नियमित नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,७४,८९७ |

६२ **मौज्दातमा रहेको सामग्री**

निम्नानुसार जिन्सी सामानहरु बितरणका लागि खरिद भएका भए पनि लेखापरीक्षण अवधि सम्म पनि वितरण नगरी कार्यालयमा नै भण्डारण गरी राखेकोले वितरणका लागि खरिद भएका सामाग्री समयमा नै सम्बन्धित लाभग्राहिलाई वितरण गर्ने तर्फ कार्यालयले आवश्यक व्यवस्थापन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| कक्षा ११ र १२ पास पछि साइकल बितरण | | | | | | |
|---|---|---|---|---|---|---|
| भौचर नं. | मिति | समानको बितरण | खरिद परिमाण | बितरण परिमाण | बाँकी परिमाण | रकम रु |
| २९ | २०८०/२/२३ | साइकल | १२० | ११२ | ८ | ५४०००० |
| जम्मा | | | | | | ५४०००० |

सैद्धान्तिक बेरुजु

**६३ सेवा परामर्शः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (४) मा परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसुची १ क को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सेवा र परामर्श खर्च शिर्षकबाट गाउँपालिकाको सम्पन्न योजनाहरुको प्रभाव मुल्यांकन, गाउँपालिकाको वृत्तचित्र लगायतको काममा लागत अनुमान बेगर सुचिकृत कन्सल्टेन्सीहरुबाट दररेट माग गरी वजेटकै हाराहारीमा खर्च भएको देखियो । वास्तविक लागत यकिन नगरी आपूर्तिकर्ताले पेश गरेको दरको आधारमा भुक्तानी भएकोले मुल्य सार्थकता यकिन हुन सकेन । नियमावलीमा भएको व्यवस्था वमोजिम लागत अनुमान तयार गरी प्रतिशपर्धा गराएर मात्र खर्च लेख्नु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेका छन्

| भौचर नं. | मिति | बिबरण | रकम |
|---|---|---|---|
| ६८९ | १/६ | ग्रीन इन्जिनियरिङ कन्सर्न प्रा.लि. चक्रपथ निर्माण | १९९४७०६ |
| ८३९ | २/३ | आरम्भ कन्सल्टेन्सी प्रा.लि. दिगो विकासको लक्षय्को स्थानीयकारण | ४९१५५० |
| ८५९ | ३/१० | प्रतिष्ठा मल्टी सर्भिस सेवा ग्राही सन्तुष्ट सर्वेक्षण | २४९७३० |

| | | | |
|---|---|---|---|
| ९६९ | ३/२३ | सुद्रव डिजाइन एण्ड updating of land use zone database of pratapppur | १६९७०८ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **कृषि विघ्रूतीकरणः** (१८१-२०८०-३-१७):

कृषि विद्युतीकरण कार्यक्रम अन्तर्गत सिमेण्ट पोल तथा तार खरिद गरी जडान गर्न स्वीकृत लागत अनुमान रु.५५८५१८०।१५ मध्ये गाउँपालिकाले रु.५००००००।-(३ प्रतिशत कन्टिन्जेन्सी कट्टी हुने) र जनश्रमदाबाट रु.५८५१८०।६२ व्यहोर्ने गरी सम्बन्धित उपभोक्ता समितिसँग मिति २०८०।१।२६ मा संझौता भएकोमा प्राविधिक मुल्याङ्कन रु.५५८६१३३।६१ पेश भई पालिकाले दुई किस्तामा रु.४८४९९९९।- भुक्तानी गरेको छ । उपभोक्ता समितिले २२० विद्युत पोल रु.९०४०।- दरले रु.१९८९८००।- मा खरिदको विल पेश गरेकोमा पालिकाले रु.९९४४।- दरले रु.२१८७६८०।- मुल्याङ्कन गरेकोले रु.१९७८८०।- बढी मुल्याङ्कित भएकोछ । त्यस्तै उपभोक्ता समितिले १६७०० मिटर एसीएसआर तार खरिदको विल पेश गरेकोमा पालिकाले १७४२४ मिटर उल्लेख गरी मुल्याङ्कनमा समावेश गरेकोले ७२३ मिटरको रु.६८.३६ दरले रु.४९४९२।६४ बढी मुल्याङ्कन भएको छ । उक्तानुसार दुई आइटममा बढी मुल्याङ्कन भएको रु.२४७३७२।६४ मा उपभोक्ताको अनुपातिक अंश रु.२४७३७।२६ कट्टा गर्दा रु.२२२६३५।३८ बढी भुक्तानी भएको सम्बन्धमा सम्बन्धीतलाई जिम्मेवार बनाई उक्त रकम असुल गरी पालिकाको खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२२,६३५ |

६५ **अधुरो कार्य**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ मा र खरिद सम्झौताको सामान्य सर्त नं. ७२ मा सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्नेव्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीसँग २०८०।२।३० सम्ममा कार्य सम्पन्न गर्नेगरी मिति २०७९।११।१५ मा दुई खरिद सम्झौता गरेकोमा सो सम्झौता बमोजिम काम नगरेकोले कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेको देखिन्छ । तत्सम्बन्धमा पालिकाले निर्माण व्यवसायीलाई सूचित गरेको र सम्झौताको

अन्त्य गरी सो वापत राखेको बैङ्क जमानत जफत गरेको देखिएन । यस सम्बन्धमा कानूनी प्रकृया पुरा गरी कार्य सम्पादन जमानत स्वरुप राखेको रु.५३५०००।- संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| ठेक्का नं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता रकम | बैङ्क जमानत | हालसम्मको भुक्तानी |
| --- | --- | --- | --- | --- | --- |
| PRM/ROAD/NCB/W/05-2079.80 | सडक कालोपत्रे गर्ने | कर्म भूमि निर्माण सेवा | २६६३९०७।४६ | २५००००।- | ० |
| PRM/ROAD/NCB/W/07-2079.80 | | | 2574130।५९ | २८५०००।- | १०२९२६३।२२ |

| | |
| --- | --- |
| असुल गर्नुपर्ने | ५,३५,००० |

६६ **आयुर्वेद भवन निर्माणः**

आयुर्वेद भवनको जग र पिल्लरसम्म निर्माणको लागि निर्माण व्यवसायी जेसिका निर्माणसेवासँग रु.४७,१७६४०।७८ को खरिद सम्झौता गरी रु.४६,१८,९०३।- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

क) नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तह बीचको सहलगानी तथा समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाको हकमा लगानी हुने स्रोतको सहमति सम्बन्धित तहबाट प्राप्त भएपछि बहुवर्षिय ठेक्का व्यवसथापन गर्न सकिने व्यवस्था छ । भवन निर्माण कार्यको लागि रु.३ करोड १७ लाखको डिपिआर स्वीकृत भएकोमा बजेट सुनिश्चित नभएको कारण तत्काल स्वीकृत बजेटको आधारमा प्लिन्थ लेभल र पिल्लर सम्म मात्र निर्माण गर्ने गरी रु.५६ लाख ७ हजार लागतको बोलपत्र आह्वान गरेको पाइयो । पालिकाले संघीय सरकारको सहमति प्राप्त नगरी आंशिक निर्माण गरेकोले बाँकी निर्माण कार्यको लागि स्रोत सुनिश्चित

हुन सकेको देखिएन । भवनको बाँकी कार्य सम्पन्न हुन नसकेमा हालसम्मको लगानी उपयोग विहिन हुने भएकोले आवश्यक स्रोत सुनिश्चित गरी निर्मित संरचना उपयोगयोग्य बनाउनुपर्दछ ।

ख) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नु पर्ने उल्लेख छ । पालिकाले उक्त निर्माण कार्यको लागि २०७९।३।६ मा खरिद संझौता गर्दा प्राविधिक रुपमा विश्लेषण नगरी निर्माण कार्य सम्पन्न गर्नु पर्ने अवधि २०७९।३।२५ तोकेको देखियो । सो अवधिमा कार्य सम्पन्न नहुने भएपछि पालिकाले पुनः २०७९।९।२० सम्म खरिद संझौताको अवधि थप गरेको छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा नै सो कार्य सम्पन्न गर्न लाग्ने समयावधि विश्लेषण गरी किटान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनसुार उपभोक्तासमितिलाई मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्थारहेको छ । पालिकाले फलामे पुल निर्माण, ग्रामीण विद्युतिकरण,ट्युवेल जडान लगायतका निर्माण कार्य उपभोक्ता समितिमार्फत गरेको केही उदाहरण निम्नानुसार छन ।उपभोक्ता समितिसगँ जटिल संरचना निर्माणको अनुभवको अभाव, आफ्नै औजार उपकरण तथा दक्ष कामदार उपलब्ध नहुने अवस्थामा पनि यस्ता निर्माण कार्यको जिम्मेवारी दिंदा कानूनी व्यवस्थाविपरित भारी उपकरणहरु प्रयोग गर्ने, कामको गुणस्तर सुनिश्चित नहुने, दुर्घटाना तथा क्षतिको जोखिम व्यहोर्न बीम नहुने,त्रुटी सच्याउन वाध्य नहुने, लगायतका जटिलताहरु विद्यमान छन ।अतः स्थानीय स्रोत,श्रम तथा सीप उपयोग हुने रोजगारीमूलक योजनामात्र उपभोक्ता समितिमार्फत गराई जटिल प्रकृतिका संरचना निर्माण कार्य व्यवसायिक रुपमा दक्षता भएका निर्माण व्यवसायीहरुबाट प्रतिस्पर्धाको माध्यमबाट गराउनु पर्दछ ।

| निर्माण कार्यको विवरण | वडा नं. | लागत अनुमान | कुल खर्च | अनुदान भुक्तानी |
|---|---|---|---|---|
| टाँगीकोट फलामे पुल निर्माण | ७ | २६५५८८४।४१ | २४७०८४१।९७ | २२९८५६३।- |
| कृषि सिंचाई विद्युतिकरण | विभिन्न | ५४३५१८०।०० | ५५८६१३५।६१ | ४८४९९९९।- |
| कृषि विद्युतिकरण तथा बोरिङ्ग | ३ | १११०३४५।३३ | १०८०३४५।३३ | ९७००००।- |

| | | | | |
|---|---|---|---|---|
| कृषि तथा वस्ती विद्यतिकरण | ५ | ११९८४८७।९७ | १०८८४८७।९७ | ९७००००।- |
| बोरिङ्ग जडान | ५ | ११२५८७५।३२ | १०९५८७५।३२ | ९७००००।- |
| कृषि बोरिङ्ग तथा विद्युतिकरण | ७ | ११२३९९०।७९ | १०९३९९०।७९ | ९७००००। |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ (१६१-२०८०-३-१):

पालिकाले सहकारी संस्थाको छत माथि ट्रस छाउने र भुई ढलान गर्ने कार्यको लागि नौलो विहानी सहकारी संस्था लि.सँग भएको सम्झौता बमोजिम भुक्तानी गर्नुपर्ने रु.२९१०००।- सम्झौताको पक्षलाई भुक्तानी नगरी नौलो विहानी सामाजिक विकास संस्थालाई भुक्तानी गरेकोले उक्त रकम असुल गरी सम्झौता अनुसार काम गर्ने संस्थालाई भुक्तानी गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९१,००० |

६९ **सडक तथा ढल निर्माण** (१७६-२०८०-३-१५):

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । पालिकाबाट पर्सा गाउँदेखि झुलनिपुर जाने सडक स्तरोन्नति तथा पर्सा ढल निर्माण कार्यको लागि रु.१४२७८१३।- लागत अनमान स्वीकृत गरी सोमध्ये पालिकाले रु.१३०००००।- व्यहोर्ने गरी सम्बन्धित उपभोक्ता समितिसंग मिति २०८०।२।४ मा सम्झौता भएकोमा रु.१४२७९३१।९३ प्राविधिक मुल्याङ्कन भई पालिकाले रु.१३०००००।- मध्ये रु.३९०००।- कन्टिन्जेन्सी कट्टा गरी बाँकी रु.१२६१०००।- भुक्तानी गरेको छ । उपभोक्ता समितिले पेश गरेको विल भरपाई अनुसार माटो ढुवानी गरी फिजाउने तथा ग्राभेल गर्ने समेत मुल्याङ्कनमा समावेश भएको रु.९०५३९०।- को कार्य निर्माण व्यवसायी भाव्या कन्स्ट्रक्सन प्रा.लि.बाट गराएको (विजक नं.३६ मिति २०८०।२।२८) देखिएकोले उक्त कार्य वापत भएको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | ९,०५,३९० |

७० **टाँङ्गिकोट फलामे पुल निर्माणः**

टाँङ्गिकोट फलामे पुल निर्माणको लागि रु.२६,५५,८८४।४१ को लागत अनुमान स्वीकृत गरी मिति २०७९।१०।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग मिति २०७९।६।३१ मा खरिद सम्झौता भएको देखिन्छ ।यस्तो किसिमको स्थाई संरचना तयार गर्दा विस्तृत संभाव्यता अध्ययन गरी लाभ लागत समेत विश्लेषण गर्नुपर्नेमा सो गरेको देखिएन । उपभोक्ता समितिसँग भएको संझौतामा लागतको १० प्रतिशत जनश्रमदानबाट व्यहोर्ने उल्लेख भएकोले अन्तिम मुल्याङ्कन रु.२४७०८४१।९७ को १० प्रतिशतले हुने रु.२४७०८४।२० कट्टा गरी रु.२२२३७५७।७७ भुक्तानी दिनुपर्नेमा रु.२२९८५६३।- भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु. ७४८०५।२३ असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ७४,८०५ |

७१ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीवाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७, को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। यस बर्ष पालिकाले रु.१६,९९,९३,६०५।- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः

७१.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधीको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले ६ बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकममध्ये निम्नानुसारका रकम बैङ्कमा बाँकी रहेको देखिएकोमा लेखापरीक्षण अवधि २०८०।५।१८ मा संघीय संचित कोषमा फिर्ता भएको छ ।

| क्र.सं. | बैकको नाम | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | सिटिजन्स बैक ईन्टरनेशनल लि गोपिगन्ज | ७३२८९।५० |
| २ | प्रभु बैकक लि. गोपिगन्ज | ५८९३८।०० |
| ३ | मुक्तिनाथ विकास बैक लि गोपिगन्ज | ३४८०।०० |
| ४ | एन.आई.सी. एसिया बैक लि. गोपिगन्ज | १९०८१।०० |
| ५ | ग्लोबल आईएमई बैक लि प्रतापपुर | २२६०३।०० |
| ६ | प्रभु बैक लि बेलाटारी | ५७११३।८९ |
| ७ | सिटिजन्स बैक ईन्टरनेशनल लि बेलाटारी | १४६७१७।९१ |

सैद्धान्तिक बेरुजु

७१.२ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको भदौमसान्त भित्र लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

७१.३ कार्यविधीको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधीको पालनामा ध्यान पुर्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१.४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधी अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

७१.५ कार्यविधीको अनुसूची ७ को बुँदा नम्वर ७ मा बैंक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालयबाट विवरण माग भएतापनि बैंकबाट सो विवरण प्राप्त भएको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **कन्टिन्जेन्सीः**

सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ। तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यका लागि खर्च गरेको जनाए पनि योजनागत सहित कुल खर्च देखिने गरी अभिलेख राखेको छैन । खर्च गर्दा निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमामात्र खर्च गर्नुपर्नेमा मर्मत, स्टेशनरी, सूचना प्रकाशन तथा बिबिध खर्चसमेत सार्बजनिक निर्माणबाट खर्च लेखेको देखिएकोले खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिएन । कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७३ **मू.अ. कर**

मूल्य अभिबृद्ध कर ऐन, २०५२ को दफा १५(३) मा नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले कर लाग्ने वस्तु तथा सेवा बिक्री गर्दा मूल्य अभिबृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष पालिकाको नयाँ भवन निर्माणका लागि स्वास्थ्य चौकिको नाममा रहेको जग्गा प्राप्त गरेको र उक्त भवन भत्काउँदा प्राप्त काठपात इटा माटो लगायका सामान बोलपत्रको गरी लिलाम बिक्री गर्दा अधिकतम कबोल गर्ने वेद प्रकाश मिश्रले रु.६,०३,०००।- दाखिला गरेकोमा सो रकममा समावेश मूल्य अभिवृद्धि कर रु.६९३७१।- संघीय सञ्चित कोषमा दाखिला नगरी स्थानीय संचित कोषमा दाखिला गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६,९७१ |

७४ **अधुरो योजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा कावू बाहिरको परिस्थिती, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारण भएमा सम्झौताको अवधि थप गर्न सक्ने र दफा ५९ मा सम्झौता बमोजिम काम सुरु नगरेमा काम सुरु नगरी बीचैमा छाडेमा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ ।पालिकाको विवरण अनुसार यो वर्ष ६ खरिद सम्झौतामा तोकिएको समयमा काम हुन नसकी समयावधी थप गरेको छ ।पालिकाले सम्झौता गर्दा नै कामको प्रकृति अनुसार अवधि नराखेको, बजेट सुनिश्चत नहुँदै खरिद सम्झौता गरेको, निर्माणस्थल समयमा उपलब्ध नभएको र अन्य परिस्थितिजन्य कारणले पनि अवधि थप गर्ने अवस्था रहेको छ । निर्माण व्यवसायीले पनि यसै कारणलाई आधार मानी पटक पटक सम्झौताको थप अवधि माग गर्ने गरेकाले निर्माण कार्यसँग सम्बन्धित योजनाहरु अधुरो अवस्थामा रहेको पाइयो ।कार्यालयले भुक्तानीको स्रोत तथा निर्माणस्थल लगायतका पूर्वतयारी पुरा भएपछि मात्र खरिद व्यवस्थापन गर्ने र कावू वाहिरको परिस्थिति बाहेकको अवस्थामा अवधि थप गर्नुपर्दा पूर्वनिर्धारित क्षतिपूर्ति लिने व्यवस्था गर्नुपर्दछ ।

| क्र. सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता (मु अ कर सहित) | सम्झौता मिती | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप | यो बर्ष सम्मको खर्च | भौतिक प्रगतिप्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | १५ शैयाको अस्पताल | लामा कन्सट्रक्सन प्रा.लि. | ११२४१३५५१।२३ | २०७८।३।२० | २०८०।३।२० | २०८१।३।२१ | ५४५५६१७१।९८ | ५४।७७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वडा नं ८ को भवन निर्माण | गुरुकुल/ फिक्कल जे भि | १०६६२६३१। ३६ | २०७८।६ ।२० | २०७९।५। १६ | २०८०।५। ३० | ७७०५१४७। ७१ | ७२।२ ६ |
| | वडा नं १ स्वास्थ्य चौकि भवन निर्माण | कोरल निर्माण सेवा | ११८८३५१६। २७ | २०७८।५ ।२४ | २०७९।५। १५ | २०८०।११ ।३० | ३८६३३२७। ०१ | ३२।५ |
| | वडा नं ३ स्वास्थ्य चौकि भवन निर्माण | कोरल निर्माण सेवा | १२०३८६८९। २३ | २०७८।५ ।२४ | २०७९।५। १५ | २०८०।११ ।३१ | ३७९१२११। ६६ | ३१।४ ९ |
| | वडा नं ७ स्वास्थ्य चौकि भवन निर्माण | कोरल निर्माण सेवा | ११८९९१४८। १८ | २०७८।५ ।२४ | २०७९।५। १५ | २०८०।११ ।३२ | ४७९९७२२। ४३ | ४०।५ ४ |
| | वडा नं ५ को वडाकार्यालय भवन निर्माण | सिर्जनशिल कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ११७८५७३४। ७७ | २०७९।१ ।१२ | २०८०।१२ ।३० | २०८०।०८ ।३० | ६०८५२०२। ६ | ५९।७ ३ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

७५ **कार्य सम्पन्न प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरीएको मालसामान वा प्रदान गरी एको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । पालिकाले नमुना विद्यालय अनुदान शिर्षकमा पालिका अन्तर्गतको श्री त्रिभुवन मा वि बेलटारीलाई रु ५० लाख भुक्तानि दिएको देखिन्छ । विद्यालयलये हाल सम्म उक्त रकम बराबरको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । तसर्थ उक्त रकमको कार्यसम्पपन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ५०,००,००० |

७६ **भेरिएसनः**

सार्वजनिक खरिद नियमावली¸२०६४ को नियम १०(६) सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकहरुको समूहलाई डिजाइन ड्रईङ समेत जाँच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो त्रुटी सच्याउन लगाउनु पर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन¸२०६४ को दफा ५क मा लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुने उल्लेख छ ।गाउँपालिकाले मुल सडक देखी सेमरी हरिजनटोल हुँदै खजुरा खोलासम्म सडक कालोपत्रे गर्ने कार्यमा शुरु लागत २४,९७,२४३।२३ भएकोमा लागत अनुमानमा १६.६ प्रतिशतसम्म भेरिएसनबाट वृद्धि गरी २९,०५,९०५।९६ को काम गराएको देखियो।लागत अनुमानमा सव-वेसको मोटाई र चौडाइ भुलवस कम भएकोले भेरियसन गर्नुपरेको कार्यालयको भनाइ रहेको छ ।लागत अनुमान स्वीकृत गर्नुपूर्व नै जाँच गरी त्रुटी सच्याउने र असावधानीपूर्वक तयार भएको देखिएमा सम्बन्धितलाई नियमानुसार जिम्मेवार गराउनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

७७ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यविधी, २०७५ को बुँदा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात बुँदा नं ५(४) वमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्तावापतको साठी प्रतिशत रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी

निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था छ। कार्यविधीको बुँदा ६ मा अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र कार्य नगरेका लाभग्राहीबाट पहिलो किस्ता रकम असुल उपर गर्ने उल्लेख छ । पालिकाले २०७७।७८ देखि २०७९।८० सम्म निम्न अनुसार लाभग्राहीहरुलाई प्रथम किस्ता बापतको साठी प्रतिशत रकम भुक्तानी दिएको भए पनि निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन पेश गरी अन्तिम किस्ता लिएको देखिएन ।पालिकाबाट अनुबन्धित सबै लाभग्राहीहरुले लिएको पहिलो किस्ता उपयोग गरी सुरक्षित आवासतयार भएको प्रमाण पेश हुनुपर्ने रु.

| आर्थिक बर्ष | प्रथम किस्ता लिने संख्या | अन्तिम किस्ता लिने संख्या | बाँकि संख्या | ६० प्रतिशतले हुने कुल रकम |
|---|---|---|---|---|
| २०७७।७८ को जम्मा | १६ | ० | १६ | ४८०००० |
| २०७८।७९ सम्मको जम्मा | १८२ | ३८ | १४४ | ४३२०००० |
| २०७९।८० सम्मको जम्मा | १८९ | ९५ | ९४ | २८२०००० |

| प्रमाण पेश नगरेको | २८,२०,००० |
|---|---|

## ७८ न्यूनतम दररेट निर्धारणः

स्थानीय सरकार सञ्चान ऐन, २०७४ को दफा १३ मा गाउँ तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्रि, भाडा, ज्याला तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने उल्लेख छ । यस पालिकाले आ व २०७९/८० मा कुनै पनि क्षेत्रको न्यूनतम महसुल निर्धारण गरेको पाइएन । अतः ऐनको व्यवस्था अनुसार स्थानीय दररेट सञ्चालन गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ७९ बील पेश नभएको:

आर्थिक कार्यविधी तथा वित्तीयउत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक भवन निर्माणको कार्य उपभोक्ता मार्फत सम्झौता गरी निर्माण गराएकोमा उक्त योजनाको भुक्तानी प्रयोजनका लागि उपभोक्ताको बिलमा उल्लेख भएको सुचना प्रकाशन बापतको रकम रु ४५००। को कुनै बिल बिजक पेश नगरी भुक्तानी भएको देखियो । बिल बिजक विना भुक्तानी भएको रकम सम्बन्धित सामुदायिक भवन निर्माण उपभोक्ता समिति झुलनीपुरबाट उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०० |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: प्रतापपुर गाउँपालिका, नवलपरासी , प्रतापपुर गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मिन प्रसाद भट्टराई | २०८०-५-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | चिरन्जिवि घिमिरे | २०७८-१०-२७ | २०८०-५-१५ |
| लेखा प्रमुख | दिनानाथ ढकाल | २०७७-५-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,७९९,३८२ | १२,९२२,३५८ | ११,०८०,५४९ | ० | ० | १५,७९९,२०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४१,६०१,४८९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४१,६०१,४८९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १५८८७१०६९.३४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०९६२०६०० | **चालु खर्च** | ५४८८६४८१६.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | २७५६२००० | **पूँजीगत खर्च** | २२५७७०२८५.४१ |
| **राजश्व बाँडफाँट** | ९२२०९५९३.५८ | **वित्तीय/अन्य व्यवस्था** | ४७३६८००३.२७ |
| **आन्तरिक आय** | १६६४३१७०.५ | | |
| **अन्य आय** | २३७३०८६१३.१६ | | |
| **कुल आय** | ७८३३४३९७७.२४ | **कुल खर्च** | ८२२००३१०५.११ |
| **बाँकी मौज्दात** | | १२०२११९४१.४७ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्रासी भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | गतवर्ष रु. |

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **प्राप्ती (क+ख)** | | ६४,७१,०१,६८४.०० | ५२,५३,७०,२५५.७५ | | ५२,५३,७०,२५५.७५ | ५५,६६,६७,९४८.८५ | | ५५,६६,६७,९४८.८५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ६३,३७,९५,०००.०० | ५०,४०,३८,८१३.७५ | ० | ५०,४०,३८,८१३.७५ | ५४,६१,५४,७९३.६० | ० | ५४,६१,५४,७९३.६० |
| ११००० कर | ११ | ११,८५,७९,०००.०० | १०,२७,८२,८४९.९६ | ० | १०,२७,८२,८४९.९६ | ११,४१,२७,१४८.३३ | ० | ११,४१,२७,१४८.३३ |
| १३००० अनुदान | | ५०,११,१६,०००.०० | ३९,५१,८६,०४१.६७ | ० | ३९,५१,८६,०४१.६७ | ४२,४९,६५,५८५.२० | ० | ४२,४९,६५,५८५.२० |
| संघीय सरकार | १२ | ४६,८५,५४,०००.०० | ३७,२६,२५,३०९.६७ | ० | ३७,२६,२५,३०९.६७ | ४०,२१,३१,०६९.२० | ० | ४०,२१,३१,०६९.२० |
| प्रदेश सरकार | १२ | ३,२५,६२,०००.०० | २,२५,६०,७३२.०० | ० | २,२५,६०,७३२.०० | २,२८,३४,५१६.०० | ० | २,२८,३४,५१६.०० |
| १४००० अन्य राजस्व | | १,४१,००,०००.०० | ६०,६९,९२२.१२ | ० | ६०,६९,९२२.१२ | ६७,४७,०६०.०७ | ० | ६७,४७,०६०.०७ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ३,१५,०००.०० | ० | ३,१५,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | १,३३,०६,६८४.०० | २,१३,३१,४४२.०० | | २,१३,३१,४४२.०० | १,०५,१३,१५५.२५ | | १,०५,१३,१५५.२५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,३३,०६,६८४.०० | १,५२,४५,२८२.०० | ० | १,५२,४५,२८२.०० | ६८,१७,१९२.२५ | ० | ६८,१७,१९२.२५ |
| धरौटी | | ० | ६०,८६,१६०.०० | ० | ६०,८६,१६०.०० | ३६,९५,९६३.०० | ० | ३६,९५,९६३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७५,८४,३१,६८४.०० | ५५,९६,९४,३३५.७८ | | ५५,९६,९४,३३५.७८ | ६१,१०,९७,०८७.८४ | | ६१,१०,९७,०८७.८४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७४,५१,२५,०००.०० | ५५,४३,२२,८८२.७८ | | ५५,४३,२२,८८२.७८ | ६०,६४,९५,७६८.८४ | | ६०,६४,९५,७६८.८४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २५,४९,१८,०००.०० | २१,४६,४२,६६०.७६ | ० | २१,४६,४२,६६०.७६ | १६,८२,७५,३५२.१० | ० | १६,८२,७५,३५२.१० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९,५६,२४,०००.०० | १४,७३,७१,८९७.६१ | ० | १४,७३,७१,८९७.६१ | १५,५३,६२,६३१.६३ | ० | १५,५३,६२,६३१.६३ |
| २४००० ब्याज, सेवा | १८ | ० | ० | ० | ० | २,७०,७००.०० | ० | २,७०,७००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| शुल्क तथा बैंक कमिशन | | | | | | | | |
| २५००० सहायता (Subsidy) | १८ | ३४,९४,०००.०० | ३४,२२,८०४.०० | ० | ३४,२२,८०४.०० | १,८२,५१,१८४.०० | ० | १,८२,५१,१८४.०० |
| २६००० अनुदान | १८ | १०,००,०००.०० | ९,९९,५६०.०० | ० | ९,९९,५६०.०० | १५,७४,०६०.०० | ० | १५,७४,०६०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,०३,६५,०००.०० | ९६,५२,९८९.०० | ० | ९६,५२,९८९.०० | १,४६,४३,७४६.४० | ० | १,४६,४३,७४६.४० |
| २८००० अन्य खर्च | १८ | २९,००,०००.०० | २३,६४,३००.०० | ० | २३,६४,३००.०० | २५,८३,२६८.०० | ० | २५,८३,२६८.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,६८,२४,०००.०० | १७,५८,६८,६७१.४१ | ० | १७,५८,६८,६७१.४१ | २४,५५,३४,८२६.७१ | ० | २४,५५,३४,८२६.७१ |
| घ. अन्य भूक्तानी | | १,३३,०६,६८४.०० | ५३,७१,४५३.०० | | ५३,७१,४५३.०० | ६१,१०,९७,०८७.८४ | | ६१,१०,९७,०८७.८४ |
| कोषहरु | | १,३३,०६,६८४.०० | २८,०५,६२०.०० | ० | २८,०५,६२०.०० | ३०,०२,३७२.०० | ० | ३०,०२,३७२.०० |
| धरौटी | | ० | २५,६५,८३३.०० | ० | २५,६५,८३३.०० | १५,९८,९४७.०० | ० | १५,९८,९४७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (११,१३,३०,०००.००) | (३,४३,२४,०८०.०३) | | (३,४३,२४,०८०.०३) | (५,४४,२९,१३८.९९) | | (५,४४,२९,१३८.९९) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १५,४५,२६,७३०.२२ | | १५,४५,२६,७३०.२२ | २०,९७,२४,२९०.४६ | | २०,९७,२४,२९०.४६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (११,१३,३०,०००.००) | १२,०२,०२,६५०.१९ | | १२,०२,०२,६५०.१९ | १५,५२,९५,१५१.४७ | | १५,५२,९५,१५१.४७ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १२,०२,०२,६५०.१९ | | १२,०२,०२,६५०.१९ | १५,५२,७४,५५१.४७ | | १५,५२,७४,५५१.४७ |